गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
# सडक, पुल तथा प्रादेशिक भवन कार्यालय
पोखरा, कास्की

## सूचना प्रकाशन सम्बन्धि दररेट पेश गर्दा तथा भुक्तानी प्राप्त गर्दा अपनाउनुपर्ने शर्तहरुः

- प्रकाशन हुने सुचनाको सामान्य डिजाइन / सम्पादन एजेन्सीले गर्नुपर्ने छ।
- अर्को दिनको लागि प्रकाशन हुने सूचना कार्यालयले अपरान्ह सात बजेसम्म उपलब्ध गराउन सक्नेछ, सोको समय सम्म प्राप्त सूचना कार्यालयले तोकेको संचार माध्यममा प्रकाशन गर्नुपर्नेछ भने उल्लिखित समय पश्चात प्राप्त सूचनाको प्रकाशन हुन नसक्ने भए सोको पूर्व जानकारी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।
- दररेट पेश गर्दा प्रकाशन संस्थाहरुबाट एक वर्षको लागि स्वीकृत दररेट सकल प्रति सम्वन्धित प्रकाशन संस्थाहरुबाट प्रमाणित गराई दररेट पेश गर्ने एजेन्सीले समेत सहिछाप लगाई पेश गर्नुपर्नेछ।
- दररेट पेश गर्दा एजेन्सीले संस्था दर्ता प्रमाणपत्र र नविकरण विवरण, विज्ञापन वोर्डमा सूचिकृत रहेको प्रमाणपत्र र नविकरण विवरण, स्थायी करदाता प्रमाणपत्र, आ.व. २०८२/८३ को करचुक्ता प्रमाणपत्र वा आय विवरण बुझाउन म्याद थप भएको विवरण संलग्न गरी यस कार्यालयको email: rbpbokaski2082@gmail.com मार्फत वा कार्यालययमा पेश गर्नुपर्नेछ।
- प्रकाशन भएको सूचना त्रुटीरहित, प्रष्ट, स्पष्ठ, पठनयोग्य तथा बुझ्न सकिने हुनुपर्नेछ।
- एजेन्सी वा प्रकाशन माध्यमको कारणले प्रकाशन भएको सूचनामा त्रुटी भएमा, प्रकाशन नभएमा, कार्यालयले तोकेभन्दा फरक माध्यममा प्रकाशन भएमा, कार्यालयले उपलब्ध नगराएको सूचना प्रकाशन भएमा सोको जवाफदेहिता सम्बन्धित एजेन्सीको हुनेछ।
- त्रुटिपूर्ण प्रकाशन तथा सोको कारण हुने संशोधन वापतको भुक्तानी कार्यालयबाट हुने छैन।
- सम्पन्न भएको प्रकाशन वापतको भुक्तानी योग्य विवरण तथा कर विजक प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कार्यालयले कट्टी गर्नुपर्ने नियमानुसारको रकम कट्टी गरि एजेन्सीको बैंक खाता मार्फत गर्नेछ।
- एजेन्सीले भुक्तानी माग गर्दा सूचना प्रकाशन भएको दिनको पत्रिकाको दुइ प्रति, कर विजक र प्रकाशन संस्थाले एजेन्सीलाई जारि गरेको कर विजकको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
- प्रकाशन गृहले सार्वजनिक गरेको आधारभूत दररेट लागू हुनेछ। प्रकाशन गृहले सार्वजनिक गरेको आधारभूत दररेट परिवर्तन भएमा सोको प्रमाण पेश गर्नुपर्नेछ।

कार्यालय प्रमुख

- सूचना प्रकाशन गर्ने एजेन्सीले शनिबार तथा सार्वजनिक विदाको दिनमा समेत सेवा प्रदान गर्नुपर्नेछ तर विदाको दिनमा सेवा आवश्यक हुने भएमा सोको पूर्व जानकारी कार्यालयले एजेन्सीलाई दिनेछ ।
- प्रकाशन हुने सूचना कार्यालयले पत्र, ईमेल, फोन वा अन्य सामाजिक संजाल मार्फत समेत उपलब्ध गराउन सक्नेछ।
- एजेन्सीले सूचना प्रकाशित भएको दिनमा प्रकाशित सूचना प्रष्ट देखिने गरेर पत्रिकाको cutting, softcopy ईमेल मार्फत पठाउनुपर्नेछ।
- जुनसुकै अवस्थामा पनि एजेन्सी बाहेक प्रकाशन गर्ने संस्थासँग सोझै कारोवार गर्न कार्यालयलाई कुनै वाधा पर्ने छैन।
- सेवा प्रदायकले पेश गरेको छुट दर (प्रतिशत रकम) आर्थिक वर्ष २०८२/०८३ अवधिभर र आर्थिक वर्ष २०८३/०८४ को अर्को सूचना प्रकाशित गरि आन्तिम मूल्यांकन नभए सम्म कायम रहेको मानिनेछ।र उक्त अवधिभर छुटदर परिवर्तन गर्न सकिने छैन ।
- विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ४ बमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण भएका सञ्चार माध्यमहरूसँग मात्र विज्ञापन सम्बन्धी कारोबार गरिनेछ।
- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ११ र ११ (क) बमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण भएका विज्ञापन एजेन्सीहरूबाट मात्र विज्ञापन कारोवार गरिनेछ।
- विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ (क) को उपनियम (२) बमोजिम सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिमको रकम भुक्तानी गरिनेछ ।
- विज्ञापन सम्बन्धी कारोवारको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा (२) तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) को उपनियम (३) बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा अनिवार्य रूपमा जम्मा गरिनेछ।
- सूचना प्रकाशनका अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।

दिनेश कुमार घिमिरे

कार्यालय प्रमुख

कार्यालय प्रमुख
अधिकृत, एघारौं तह

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
सडक, पुल तथा प्रादेशिक भवन कार्यालय
कास्की

Gandaki Province Government

Ministry of Physical Infrastructure Develepment and Transportation Management

Road, Bridge and Provincial Building Office

Pokhara, Kaski

## Price schedule for Services for Design and Publication of Notice in the Newspapaper

| S.N | Newspaper's Name | Unit of Measurement | Quantity | Rate Per Column CM (NRs.) | Discount Rate (%) | Final Rate After Discount (Exclusive of VAT) (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| १ | अन्नपूर्ण पोस्ट दैनिक | Per Column CM | १ | | | | |
| २ | गोरखापत्र दैनिक | | | | | | |
| ३ | कान्तिपुर दैनिक | | | | | | |
| ४ | कारोबार दैनिक | | | | | | |
| ५ | नागरिक दैनिक | | | | | | |
| ६ | नयाँ पत्रिका दैनिक | | | | | | |
| ७ | नेपाल समाचारपत्र दैनिक | | | | | | |
| [illegible] | राजधानी राष्ट्रिय दैनिक | | | | | | |
| ९ | हिमालय टाइम्स (नेपाली) | | | | | | |
| १० | आर्थिक अभियान दैनिक | | | | | | |
| ११ | सौर्य दैनिक | | | | | | |
| १२ | आदर्श समाज दैनिक | | | | | | |
| १३ | समाधान राष्ट्रिय दैनिक | | | | | | |
| १४ | The Himalayan Times | | | | | | |
| १५ | The Kathmandu Post | | | | | | |
| १६ | The Rising Nepal | | | | | | |

| | |
|---|---|
| Authorized Signature: | |
| Name: | |
| Address: | |
| Position: | |
| Date: | |
| Contact No: | Office Stamp: |
| E-Mail: | |

कार्यालय प्रमुख
अधिकृत, एघारौं तह